# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रूपन्देहीका अनुसन्धान सहायक विरेन्द्र पाण्डेले पटक पटक फोन गरी सेवाग्राहीले भारतबाट घरायसी प्रयोजनका सामानहरू ल्याउने क्रममा मासिकरूपमा रकम नदिए सामान जफत गरी थुनी दिने भनी डरधम्की देखाई घुस/रिसवत माग गरी रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले विरेन्द्र पाण्डे भन्ने विरेन्द्र प्रसाद पाण्डे र विरेन्द्र बर्मालाई घुस रिसवत सहित रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा भारततर्फबाट घरायसी प्रयोजनका सामानहरू ल्याउने गरेकोमा उक्त सामानहरू जफत गरी पक्राउ गराउन सकिने भनी पक्राउ नगर्न नगराउनका लागि निज अनुसन्धान सहायक विरेन्द्र प्रसाद पाण्डेले जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ४ ट्राफिकचोकमा फलफूल पसल गरी बस्ने विरेन्द्र बर्मालाई सेवाग्राहीबाट आफ्ना लागि रू.३,०००/- (तीन हजार) घुस/रिसवत लिन लगाएको तथ्य पुष्टी भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज विरेन्द्र प्रसाद पाण्डेलाई बिगो रू. रू.३,०००/- (तीन हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै फलफूल पसले विरेन्द्र बर्माले अनुसन्धान सहायक विरेन्द्र प्रसाद पाण्डेका लागि सेवाग्राहीबाट घुस/रिसवतको रकम लिई उक्त रकम निजबाटै बरामद भएको अवस्था रहेको देखिन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा मतियार हुने कार्य गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम हुने सजायको मागदावी लिनुपर्ने देखिए तापनि निज पक्राउ परेपश्चात उक्त घुस लेनदेन सम्बन्धमा भएको यथार्थ व्यहोरा खुलाई अनुसन्धानमा सहयोग पुऱ्याएको आधार र कारणबाट निज विरेन्द्र बर्मालाई ऐ. ऐनको दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई आयोगको साक्षीका रूपमा पेश गर्ने।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**